# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.

## इलाम

## सदस्य र सदस्यको एकाघरका परिवारहरुलाई सहयोग, पुरस्कार, सम्मान तथा राहात कार्यविधि-२०७८

# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.

इलाम नगरपालिका-७,मालापथ, इलाम ।

## सदस्य र सदस्यको एकाघरका परिवारहरुलाई सहयोग,पुरस्कार,सम्मान तथा राहात कार्यविधि-२०७८

**.प्रस्तावना:**

यस सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. इलाम नगरपालिका-७,इलामको शेयर सदस्य एवं शेयर सदस्यको एकाघर परिवार सदस्यहरु लाई सहयोग एवं राहात पुऱ्याउने हेतु अनुरुप **सदस्य र सदस्यको एकाघरका परिवारहरुलाई सहयोग,पुरस्कार,सम्मान तथा राहात कार्यविधि-२०७८** तयार गरिएको छ । यस नितिमा उल्लेखित सदस्य र सदस्यको एकाघर परिवारका सदस्यहरुलाई राहात तथा सहयोग गर्नु परेमा संस्थामा व्यवस्थापन गरिएको सदस्यता राहात कोषबाट खर्च गरिने छ । संस्थाले सदस्यहरुलाई वितरण गर्ने संस्थागत नियमनुसारका सेवा,सुविधाहरु(ब्याज वितरण,शेयर वोनस,संरक्षित पूजिंफिर्ता कोष,आदि) सदस्यहरुलाई वितरण गरिसके पश्चात पनि कारणवस बांकि रहेमा वा उवार भएको देखिएमा यस्ता रकमहरुलाई समेत सोझै सदस्यता सहयोग तथा राहात कोषमा रकमान्तर गरिने छ भने यस कोषमा प्रत्येक वर्ष प्रति सदस्य रु.१०० अक्षरेपि एकसय रुपयाँ असुल गरि सदस्यता राहात कोषमा जम्मा गरिने छ । यसैगरि सदस्यहरुलाई,सदस्यको एकाघरका सदस्यहरुलाई र संस्थामा स्थाई रुपमा कार्यरत कर्मचारी सदस्यहरुलाई सम्मान तथा पुरस्कारहरुको व्यवस्थापन गर्नु पर्ने भएमा वा संस्थाको वार्षिक निति तथा कार्यक्रम अनुसार सम्मान तथा पुरस्कारको व्यवस्थापन गर्ने कार्यक्रम रहेमा प्रत्येक वर्ष वार्षिक प्रतिवेदनमा उक्त शिर्षकहरुमा प्रक्षेपण गरि साधारणसभा वाट अनुमोदन गराई अगाडि बढ्नु पर्ने छ तर सदस्य,कर्मचारी आदि लाई सम्मान तथा पुरस्कृत गर्ने भए सदस्य राहात कोषमा खर्च घटाउन पाइने छैन । यसरी अग्रिम विनियोजित रकमहरु कारणवस खर्च नभएमा वा खर्च गरेर बांकि रहेमा सोझै संस्थाको जगेडा कोषमा रकमान्तर गरिने छ ।

**.संक्षिप्त नाम र प्रारम्भ :**

यो कार्यविधिको नाम "शेयर **सदस्य र सदस्यको एकाघरका परिवारहरुलाई सहयोग,पुरस्कार,सम्मान तथा राहात कार्यविधि-२०७८ रहनेछ"** । यो कार्यविधि सञ्चालक समितिबाट स्वीकृत गरीएको मितिदेखि लागु हुनेछ र यसको व्याख्या गर्ने अधिकार संचालक समितिमा रहने छ । यस कार्यविधिलाई आगामी साधारण सभाबाट अनुमोदन गराईनेछ ।

**परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस "शेयर सदस्य सहयोग तथा राहात कार्यविधि-२०७८"मा:

क) "संस्था" भन्नाले सुनगाभा बचत तथा ऋण सहकारी संस्थालाई सम्झनुपर्दछ ।

ख) "एकाघर" भन्नाले संस्थाको शेयर सदस्यको श्रीमान श्रीमती,बाबु आमा ,छोरा छोरी ,धर्मपुत्र धर्मपुत्रीलाई सम्झनु पर्छ । महिला शेयर सदस्यको हकमा बाबु आमा भन्ने शब्दले श्रीमानको बाबु आमा निजको ससुरा र सासुलाई सम्झनुपर्दछ ।

ग) "राहात कार्यविधि" भन्नाले संस्थाको "राहात कार्यविधि-२०७८" लाई जनाउने छ ।

घ) "सदस्य" भन्नाले संस्थाका शेयर सदस्यहरुलाई जनाउने छ ।

ङ) "सदस्य" सहयोग,राहात तथा सदस्य सम्मान उप-समिति' भन्नाले संस्थाले आवश्यक ठानि संचालक समितिद्धारा गठन भएको राहात उप समितिलाई सम्झनु पर्दछ ।

## ४.उद्देश्य :

१.संस्थामा शेयर सदस्यहरुलाई प्राकृतिक अप्ठ्यारो परेको बेला आर्थिक सहयोग पुऱ्याउन ।

२.एकको लागि सबै र सबैको लागि एक भन्ने भावलाई व्यहारमा प्रयोग गर्न ।

३.सदस्यहरुलाई संस्था प्रति विश्वास जगाउन ।

४.जटिल रोगको उपचार खर्चमा सहयोग पुऱ्याउन ।

५.शेयर सदस्यको मृत्यु हुँदा अन्तिम मृत्यु संस्कार गर्न सहयोग पुऱ्याउन ।

६.प्राकृतिक प्रकोपमा परेका सदस्यलाई राहात सहयोग गर्न ।

७.शेयर सदस्य महिला सुत्केरी भएको बखत सुत्केरी स्याहार एव पोषणको लागि सहयोग पुऱ्याउन ।

८.शेयर सदस्यले स्वास्थ्य विमा गरेको वा नविकरण गरेको भए सो समबिन्ध सहयोग गर्न ।

९.सदस्य तथा कर्मचारीहरुलाई सम्मान,पुरस्कार आदि वाट संस्था प्रति उत्प्रेरणा जगाउन ।

१०.शेयर सदस्यका सर्वउत्कृष्ठ अंक ल्याउने छोरा,छोरिलाई छात्रावृतिवाट हौसला बडाउन ।

## ५. राहातको किसिम र रहात वितरणको सम्बन्धी व्यवस्था:-

### क)जटिल रोग:

सदस्यलाई जटिल रोग (क्यान्सर, मुटुको अप्रेसन, कडिनी फेल, हेड इन्जुरी) जस्ता उपचार लागि सदस्य बनेको तिदेखि गणना गरी प्रत्येक वर्षको रु. १५०० का दरले एक मुष्ठ जम्मा वर्ष सँग गणना गरि एक पटकमात्र चार खर्च उपलब्ध गराउने । साथै माथिका जटिल रोगहरु सबै एकै पटक भएमा पनि माथि तोकिएको रकम दा बढी उपलब्ध नहुने वा एक पटक कुनै एक जटिल रोगको उपचार खर्च लिई सकेपछि पुन सोही रोग वा अन्य को उपचार खर्चको सेवा लिन पाइने छैन र यस्ता खर्चहरु संस्थाले सदस्यता राहात कोषवाट खर्चनु पर्ने छ ।

**चार राहात सेवा लिन तपशीलको प्रक्रिया पूरा भएको हुनु पर्ने छ ।**

सम्बन्धीत विरामीले उपचार गर्दा तयार भएको रिपार्ट र प्रमाणित हुने कागजातहरुको नक्कल प्रति ।

ाहात उप समितिले जाँच बुझ गरी निर्णय सहित प्रतिबेदन वा सिफारिस पत्र संलग्न हुनु पर्ने ।

वरामीले उपचार गर्दा गर्दै वा उपचार गरेपछि पनि राहात रकम माग गर्ने सक्नेछ ।

सम्भव भएसम्म विरामीको रोग वा अवस्था पहिचान भएमा चाँडो राहात होस्भन्ने हेतु अनुरुप विरामीको म्बन्धीत पक्षले पहल गर्ने र संस्थाले पनि त्यस क्षेत्रमा सहयोग पुऱ्याउने ।

## मृत्यु संस्कार खर्च:

र सदस्य मृत्यु भएको खण्डमा संस्थाको शेयर सदस्यता भएको मितिवाट ६ महिना पुरा भएको मिति ठहर भएमा मुष्ठ रु. २०,००० विसहजार रुपयाँ सदस्यको काजक्रियाको संस्कार अनुरुप क्रिया संस्कार अवधिमा समवेदना सहित संस्थाको सदस्यता राहात कोषवाट उपलब्ध गराइने छ ।शेयर सदस्यको एकाघर भित्रको परिवार कायम को व्यक्ति मृत्यु हुँदाको बखत शेयर सदस्यले पाउने सुविधाको १५ प्रतिशत रकम अन्तिम संस्कार खर्च वापत् वेदना सहित राहात कोषवाट उपलब्ध गराइने छ । संस्थामा कार्यरत स्थाई कर्मचारीको हकमा भने मृत्यु भएको डमा क्रिया अवधि भित्रमानै समवेदना सहित एकमुष्ठ रु.१००००० एकलाख रुपयां निजको इच्छाइएको क्तिलाई उपलब्ध गराइनु पर्ने छ । अवकाश लिई सकेको कर्मचारीको हकमा भने यस संस्कारमा शेयर सदस्यलाई लब्ध गराइने रकम मात्र संस्थाबाट उपलब्ध हुने छ ।

**पर्युक्त मृत्युहरुमा अन्तिम संस्कार खर्च लिन तपशीलको प्रक्रिया पूरा भएको हुनु पर्ने छ ।**

१.राहात उप समितिले जाँच बुझ गरी सिफारिस पत्र संलग्न गरेको हुनु पर्ने ।

२.समबेदना कार्यक्रममा उपस्थित संस्थाको तर्फको व्यक्तिहरु र अन्य भद्र भलादमीहरुको उपस्थिती भएको विवरणको प्रतिलिपी ।

३.शेयर सदस्यको एकाघर भित्रको मृत्यु हुदाँको बखत परिवार कायम भएको हुनु पर्ने, शेयर सदस्यसंगको नाता प्रमाणितसंग मेल खाएको हुनुपर्ने, एउटै भान्सा प्रयोग भएको हुनु पर्ने जस्ता सबैकार्यविधि सम्बत् भएको हुनु पर्नेछ ।

४.अन्तिम संस्कार खर्च अन्तिम संस्कार भएको बखतमा नै संस्थाले समबेदना कार्यक्रम गरी उपलब्ध गराउने ।

५.प्राकृतिक मृत्यु वा अप्राकृतिक मृत्यु जुन सुकै भए पनि पाउने सुविधा पाउन सक्नेछ । तर विदेश वा दुर दराजमा मुत्य भई लास ल्याउन नसेके सो मृत्युलाई पुस्टाई गर्ने कागजातहरु भने अनिवार्य बुझाउनु पर्नेछ ।

६.मृत्यु अन्तिम संस्कार खर्च अगाडी नै भूक्तानी गरे पनि ३५ दिन भित्र मृत्यु दर्ताको प्रतिलिपी अनिवार्य संस्थामा हक वाला वा सम्बन्धीत व्यक्तिले बुझाउनु पर्ने ।

## प्राकृतिक प्रकोप:

शेयर सदस्यको घरमा दैवी प्रकोप (आगा लागी/भूकम्प/वाढी पैहिरो आदि) भई जिवन तथा घर पूर्ण/आंसिक क्षती हुदाको अवस्थामा सदस्य बनेको वर्षदेखि गणना गरी निम्न अनुसार वर्षहरुमा निम्न अनुसारको पूर्ण वा आंशिक क्षती राहात रकम राहात कोषवाट उपलब्ध गराईनेछ ।

| सदस्य भएको वर्ष | पूर्ण क्षती रकम | आंशिक क्षति रकम ( ५० प्रतिशत भन्दा माथि क्षती भएमा मात्र) |
|---|---|---|
| १ वर्ष देखि ५ वर्ष सम्म | ५०००।- | २५००।- |
| ६ वर्ष देखि १० वर्षसम्म | १००००।- | ५०००।- |
| ११ वर्षदेखि १५ बर्ष सम्म | १३००० ।- | ६५००।- |
| १५ बर्ष भन्दा माथि | १५००० ।- | ७०००।- |

**ाकृतिक प्रकोप राहात रकम लिन तपशीलको प्रक्रिया पूरा भएको हुनु पर्ने छ ।**

१.स्थलगत अनुगमन, मूल्यांकन सहित राहात उप समितिको सिफारिस पत्र ।

२.स्थानीय स्तरको सरजिवन मुचुल्का ।

३.स्थानीय तहको सिफारिस ।

४.प्रकोप खुलाई राहात मागको लागि निबेदन पेश ।

**वैश्विक महामारी,रोग तथा हैजाः**

वैश्विक महामारी,रोग तथा हैजा,कुनै पनि कारणवाट सहकारीको कार्यक्षेत्र भित्र वा सहकारी स्थाका पदाधिकारीहरु,कर्मचारीहरु र सहकारी संस्थाका सदस्यहरुमा फैलावट भई सम्बन्धितहरुको ास्थ्य प्रतिकुल भएमा वा नियामक निकायहरुवाट सुचना जारी भएमा वा जिल्ला सहकारी संघले मारीको सुचना गरेमा यस सहकारी संस्थाले तपशिल वमोजिमका प्रकृयाहरु पुरा गरि राहात वा योग गर्नु पर्ने छ ।

१.नेपाल सरकार मातहतका कुनै पनि नियामक निकायहरुले सहकारी संस्थाहरुलाई सहकारी संस्थाहरुको कार्यक्षेत्र भित्रै सहयोग गर्ने भनि जिल्ला भित्रका वा स्थानिय पालिका भित्रका सहकारीहरुलाई पत्राचार वा अपिल गरेमा संचालक समितिको निर्णय अनुसार राहात वा सहयोग गर्ने ।

२.सहकारी संस्थाको छाता संगठन,केन्द्रिय सहकारी संघवाट जारी गरिएको सुचना वा केन्द्रिय संघ मातहतको जिल्ला संघ वा बचत तथा ऋण सहकारीहरुको जिल्ला संघले सहयोग वा राहातको अपिल वा पत्राचार गरेमा संस्थाको संचालक समितिको निर्णय अनुसार सहयोग गर्ने ।

३.सहकारी संस्था स्वयमले गरिविका रेखामुनि रहेका शेयर सदस्यहरु उपर्युक्त महामारीवाट गाँस,वास,कपास र स्वास्थ्य संकट परेमा स्थानिय वडाले गरिवि रहेको वा भुमिहिन रहेको र गांस,वास,कपास वा स्वास्थ्य संकट परेको भनि सिफारिस गरेको पत्रको प्रतिलिपि लिएर संस्थामा आवेदन गरेको खण्डमा यस्ता प्रकारका शेयर सदस्यहरुलाई निजको बचत रकमको १५ प्रतिशत रकम एक घर बराबर संस्थाले सामुदायिक विकास कोषवाट खर्च गर्ने वा निजलाई उपलब्ध गराईने छ ।एका घरकै १ भन्दा बडि सदस्यहरु रहेमा सबै सदस्यको बचत जोड गरि उक्त कुल रकमको १५ प्रतिशत रकम उपलब्ध गराईने छ ।

४.सम्वन्धित सदस्यले प्रकोप खुलाई राहात मागको लागि निबेदन पेश गर्नु पर्ने ।

५.उपर्युक्त खर्चहरु गर्दा संस्थाले संस्थाको सामुदायीक विकास कोषवाट खर्च वा सहयोग गर्नु पर्ने ।

**स्वास्थ्य विमा कार्यक्रमः**

नेपाल सरकारद्धारा संचालित स्वस्थ्य विमा कार्यक्रम अनुसार शेयर सदस्यहरुलाई समेत स्वास्थ्य विमा गराउन उत्प्रेरण दिने साथै सदस्यहरुलाई स्वास्थ्य राख्ने हेतुले १८ औ साधारण सभावाट अनुमोदित निर्णय अनुरुप २०७७ साल श्रावण १ गतेवाट यस संस्थामा आवद्ध शेयर सदस्यहरुले स्वास्थ्य विमा गरेको वा स्वास्थ्य विमा नविकरण गरेको भए उक्त रकमको ~~२५ प्रतिशत वा~~ रु.८७५ सम्म संस्थाले शेयर सदस्यको प्रति परिवार नगदै रकम उपलब्ध गराउने छ ।

**स्वास्थ्य विमाको रकम लिन तपशीलको प्रक्रिया पूरा भएको हुनु पर्ने छ ।**

१.व्यहोरा खुलाई स्वास्थ्य विमाको संस्थाको नियम अनुसार रकम मागको लागि निबेदन पेश ।

२.स्वास्थ्य विमा गरेको रसिदको प्रतिलिपि वा नविकरण गरेको भए नविकरणको प्रतिलिपि पेश ।

३.स्वास्थय विमा कार्डको प्रतिलिपि पेश ।

**७.महिला सुत्केरी स्याहार कार्यक्रमः**

शेयर सदस्य महिला सुत्केरी हुदा सुत्केरी खर्च वापत रु. २०००। (दुई हजार) सहयोग संस्थाको वार्षिक निति,कार्यक्रम तथा बजेट मार्फत उपलब्ध गराउने र यो सुविधा २ सन्तान सम्ममात्र रहनेछ ।

**सुत्केरी स्याहार रकम लिन तपशीलको प्रक्रिया पूरा भएको हुनु पर्ने छ ।**

१.संस्थाको शेयर सदस्य महिला सुत्केरी हुने अवस्थालाई नजिकको शेयर सदस्य वा समिति वा महिला उप समितिले जानकारी लिने र सुत्केरी भएपछि संस्थामा जानकारी दिने ।

२.उहाँको श्रीमान्ले वा एकघरको कुनै सदस्यले संस्थामा सुत्केरी स्याहार तथा पोषण रकम पाउँ भनी निबेदन पेश गर्ने ।

३.सुत्केरी अवस्थामा (वढीमा १५ दिन भित्र) नै महिला उप समिति र अन्य महिला शेयर सदस्यहरुको उपस्थितीमा रकम सुत्केरीको हातमा उपलब्ध गराउँदै सुत्केरी भएकी आमा र नवजात शिशुको स्वास्थ्य लाभको कामना गर्ने ।

.सुत्केरी स्याहार तथा पोषण रकम वितरण कार्यक्रमको वही संस्थामा सुरक्षित राख्ने।

.नवजात शिसुले जन्म लिए पश्चात सहज परिस्थितिमा बच्चाको अभिभावकले जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी संस्थामा पेश गर्नु पर्नेछ ।

**दस्य सहयोग/राहात कोषको रकम पाउँन निम्न योग्यता भएको हुनु पर्नेछः-**

.संस्थाको शेयर सदस्य भएको हुनु पर्ने ।
.शेयर सदस्यको एकाघरमा बसोबास गरेको साथै नाता प्रमाणित वा परिवार कायम भएको हुनु पर्ने ।
संस्थाको राहात कोषमा लगातार संलग्न भएको ।
संस्थाको कारोबारमा सक्रिय पूर्वक सहभागी भएको ।

**.छात्र/छात्रा वृक्ति कार्यक्रमः**

स्थाको शेयर सदस्यका छोरा वा छोरि मध्येवाट निजि विद्यालयवाट र सरकारी विद्यालयवाट सर्वउत्कृष्ठ अंक ाई SEE,दश जोड दुई वा स्नातक तह उतिर्ण भएको ठहरहुने कागजात पेश भएमा निजि विद्यालय तर्फवाट क छात्र, एक छात्रा(२ जना) र सरकारी तर्फवाट पनि एक छात्र, एक छात्रा(२ जना) गरि जम्मा ४ जनालाई चालक समितिले वार्षिक निति,कार्यक्रम र बजेटमा व्यवस्था गरे अनुरुप माथि उल्लेखित कुनै एक तहका त्र,छात्रामा वितरण गरिने छ सो तहको छनौट गर्ने अधिकार संचालक समितिमा निहित रहेने छ । यदि पुरस्कृत छात्रा वा छात्रको संख्या प्राप्तांक बराबर भएको आधारमा ४ जना भन्दा बडि भएमा पनि पुरस्कृत गरिने रकम ासाहिले वांडिने छ तर रकम भने बृद्धि गरिने छैन ।

**त्र/छात्रा वृक्ति पुरस्कार पाउँन निम्न योग्यता भएको हुनु पर्नेछः-**

.संस्थाको शेयर सदस्यको छोरा वा छोरि भएको हुनु पर्ने ।
.संस्थामा निवेदन सहित प्रष्ट बुझिने लाबद्यांक,मार्कसिटको प्रतिलिपि र चारित्रिक प्रमाणपत्र पेश गर्नु पर्ने ।
शेयर सदस्य अभिभाबको संस्थाको नियमनुसारको असल कारोवार भएको हुनु पर्ने ।
संस्थाले सुचना प्रकाशित गरेको ७ दिन भित्रमा सुचनामा उल्लेखित कागजाद अनिवार्य पेश गरिएको हुनु पर्ने ।

**कर्मचारी,शेयर सदस्य,बृद्ध सदस्य र बाल सदस्य सम्मान कार्यक्रमः**

**कर्मचारी सम्मान कार्यक्रमः**

ाले वार्षिक रुपमा तय गरेको संस्थाको निति,कार्यक्रम तथा बजेट अनुरुप संस्थामा कार्यरत चारीहरुलाई संचालक समितिको निर्णय तथा मुल्यांकनवाट कर्मचारीहरुको सम्मान कार्यक्रम बार्षिक ारणसभामा गरिने छ ।

**ारी सम्मानित हुन निम्न योग्यता भएको हुनु पर्नेछः-**

स्थाको मानव समशाधन निति अनुरुप स्थाई कर्मचारी भएको हुनु पर्ने ।

। समशाधन नितिको अनुसुचि १२ अनुरुप कर्मचारीहरुको मुल्यांकन भएको ।

को कारोवारमा प्रत्यक्ष बृद्धि विस्तार हुने सृजनशिल कार्य सम्पादन गरेको र सोको अनुभुति संचालक ा समेत गरेको ।

मा आंच आउने कुनै पनि कार्यहरु नगरेको ठहर भएको ।

## सदस्य,बृद्ध सदस्य र बाल सदस्य सम्मान कार्यक्रमः

शेयर सदस्यहरुको हकमा,बचत/निक्षेप,शेयर पूजिं,ऋण रकम नियमनुसारको उपयोग,सदस्यता बृद्धिमा आदि विदाहरुमा असल ठहर भएमा संस्थाको निति तथा कार्यक्रम अनुरुप सम्मानित हुने छन् । असल दस्य भएको पुष्ठ्याईको आधारहरु व्यवस्थापकले संचालक समितिलाई लिखित रुपमा बुझाउनु पर्ने छ र ़ समितिले आफैले वा उपसमिति गठन गरि सम्मान हुने शेयर सदस्यहरुको छनौट गर्ने छ । बाल बचतको उत्कृष्ठ नियमित बचत(मासिक रुपमा अन्य बाल बचत कर्ता भन्दा बडि रकम बचत) गरेका बडिमा ५ ल सदस्यलाई नगद पुरस्कार वा ट्रफि र सम्मान पत्रद्धारा साधारणसभामा निजको अभिभावको उपस्थितिमा गरिने छ । यसै गरि संस्थामा आवद्ध रहनु भएक सबै बृद्ध सदस्यहरुलाई प्रत्येक वर्ष संचालक समितिको अनुसार वार्षिक साधारण सभामा मायाको चिनो झल्कने बस्तु द्धारा सम्मान गरिने छ ।

## य सहयोग,राहात तथा सम्मान उप समिति गठन र कार्य अवधिः

़ समितिले आवश्यक ठहर गरेमा सदस्य सहयोग,राहात एवं सम्मान उपसमितिको गठन गर्न सक्ने छ । ़ समितिको पदाधिकारी एवं सदस्यहरुको संयोजकत्वमा ३ सदस्यीय उपसमिति हुनेछ । यसको कार्यावधि १ वर्षको हुनेछ भने संचालक समितिले प्रत्येक पटक सोही समितिलाई नबिकरण वा परिवर्त गर्न समेत ।

## य सहयोग,राहात तथा सम्मान उप समितिको काम कर्तव्य र अधिकार

सहयोग/राहात तथा सम्मान उप समितिको बैठक आवश्यक्ता अनुसार बस्न सक्नेछ । बैठकको अध्यक्षता जकले गर्ने छन् । अन्य दुई जना उप समिति र सदस्य सचिबको रुपमा संस्थाको व्यवस्थापक रहनेछ ।

सहयोग/राहात तथा सम्मान उप समितिले सदस्यहरुलाई गर्नु पर्ने सहयोग वा राहातको स्थलगत र मुचुल्काको आधारमा संचालक समिति समक्ष सदस्य सहयोग/राहात तथा सम्मानको लागि सिफारिस तत्काल राहात पुऱ्याउन पर्ने भए उप समितिको कार्यविधि भित्र रही

वतरण गर्न सक्नेछन । तर सो राहात वितरणको कारण सहित संचालक समितिको बैठकबाट अनुमोदन गर्नेछ ।

मा सहयोग तथा राहात सम्बन्धी प्रतिबेदन पेश गर्ने ।

य सहयोग तथा राहात कोषको स्रोत संकलन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने ।

री,शेयर सदस्य,बृद्ध सदस्य र बाल सदस्यहरुको सम्मानर्थ उपसमितिले संस्थामा मौजुदा निति,नियमहरुको पूर्ण पालना गरि सदस्य सचिवको सहयोगमा सम्मान हुने ब्याक्तिहरुको प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

## सदस्यता हस्तान्तरण गरी अर्को शेयर खरिद गर्ने व्यक्तिको सम्बन्धमा ।

शेयर सदस्यले अर्को व्यक्तिलाई शेयर हस्तान्तरण गर्दाको अवस्थामा शेयर खरिद गर्ने दोस्रो पक्षको मिति वा वर्ष गणना गर्दा दोस्रो पक्षले शेयर खरिद गरेको मितिदेखि मात्र गणना गरिनेछ ।

## अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकार :

विधिको कार्यान्वयन गर्ने क्रममा कुनै किसिमको द्विविधा वा वाधा अड्काउ आइपरेमा सोकोव्याख्या गर्ने र ड्काउ फकाउने अन्तिम अधिकार सञ्चालक समितिलाई हनेछ ।

## ंशोधन तथा परिमार्जन :

श्यकता महसुस भएमा सञ्चालक समितिले कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्नेछ भने यो निति लागु
ृको वा संशोधन गरिएको कुरा  साधारणसभावाट अनुमोदन गराईनेछ ।

लक समितिको मितिः २०७८/०३/११ गते बसेको बैठकले निम्न उपस्थितीमा सर्वसम्मत रुपमा स्वीकृतको
। गरी लागु गरिएको छ । (आ.व. ०७८/०७९ देखी लागु हुने गरी)

| क्र.सं. | संचालक समितिको नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | गोपाल पौड्याल | अध्यक्ष | |
| २. | चन्द्रमणि भट्टराई | उपाअध्यक्ष | |
| ३. | नविन लामिछाने | सचिव | |
| ४. | बालकृष्ण बस्नेत | कोषाध्यक्ष | |
| ५. | जिवन कोइराला | सदस्य | |
| ६. | यशोदा देवान | सदस्य | |
| ७. | निर्लजा खड्गी | सदस्य | |
| ८. | गंगा उप्रेति | सदस्य | |
| ९. | सुमन दास | सदस्य | |